म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १२, | अंक ३२८ | मंगलबार २६ असार २०८० | ने. सं. ११४३ दिल्लाथ्व | 11 July 2023 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बकैयामा विवेक-बिनिता निर्माण सेवा उत्कृष्ट

हेटौंडा, २५ असार/पूर्वि कवानपुरको बकैया गाउँपालिकाले गाउँपालिकाको योजनाहरु निर्माण अवधीभन्दा अगावै सम्पन्न गरेर गाउँपालिकालाई हस्तान्तरण गरेको भन्दै बिवेक-बिनिता निर्माणसेवालाई पुरस्कृत गरेको छ । गाउँपालिकामा भएको कार्यक्रममा बिवेक-बिनिता निर्माण सेवा कम्पनीका प्रोपाईटर राजनप्रसाद बोलखेलाई नगद सहित सम्मान गरेको हो । कम्पनीले बकैयाको भीमसेनदमार-कालिदमार सडक खण्डको काम, बकैया-१२ को खानेपानी आयोजनाको काम सम्झौताको अवधिभन्दा पहिले नै सम्पन्न गरेर गाउँपालिकालाई हस्तान्तरण गरेको थियो । त्यसैगरी प्रदेश सरकार अन्तर्गतको बकैया-१ र २ को सडक स्ल्याब ढलान तथा बकैया-८ मा कल्भड निर्माणको कामलाई समयअगाबै सम्पन्न गरेको थियो । बकैयालाई केन्द्रमा राखेर निर्माण कम्पनीले प्रदेशभर नै काम गरिरहेको र अन्य स्थानमा पनि सम्झौताअगाबै काम सम्पन्न गरेको कम्पनीले जनाएको छ । गाउँपालिकाले उत्कृष्ट कर्मचारीको रुपमा लेखा अधिकृत हरि मिजार, स्वास्थ्यकर्मी बिमलेश मिश्र, आन्तरिक लेखापरीक्षक बलराम घिमिरे, पशुविकास अधिकृत अशोक सिंहलगायतलाई सम्मान तथा पुरस्कार प्रदान गरेको हो ।

# मकवानपुर पहिरोको उच्चजोखिममा, हेटौंडा बाढी प्रकोपयुक्त क्षेत्र


प्रतिक्षा न्यौपाने

हेटौंडा, २५ असार/ मकवानपुर बाढीपहिरोको उच्च जोखिममा रहेको जिल्ला हो । जिल्लाका १० स्थानीय तह सबै पहिरो र बाढीको जोखिममा छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार मनसुनका कारण हुने पहिरोको जोखिममा ३२ जिल्ला र उच्चजोखिममा २२ जिल्ला रहेका छन् । जसमध्ये मकवानपुर पनि छ । बाढीको उच्चजोखिममा रहेका जिल्ला २३ वटा छन् । १० वर्षमा भएको क्षति, जनघनत्व, भौगोलिक अवस्थिति र भौतिक संरचनाका आधारमा जोखिम स्थिति मूल्यांकन गरिएको प्राधिकरणले जनाएको छ । काठमाडौं, भक्तपुर, ललितपुर, बुटवल, हेटौंडा, चितवन, तुलसीपुर, घोराही एवं वीरेन्द्रनगरको सहरी क्षेत्रलाई बाढीको दृष्टिबाट उच्चप्रकोपयुक्त क्षेत्र मानिएको प्राधिकरणले जानकारी दिएको छ ।

हेटौंडाको बीच भागबाट कर्रा खोला र एक छेउबट राप्ति बग्ने गरेको छ । हेटौंडाको ११, १२, १३, १४ १५, १६, १७, १८ र १९ नम्बर वडामा ठूला खहरे बग्ने गरेका छन् । जसकारण पनि हेटौंडा बाढीको उच्चजोखिममा परेको हो । कर्रा खोलाका कारण ५ नम्बर वडाको गर्दोइ र कर्रा डुबान हुने गरेका छन् । जल तथा मौसम विज्ञान विभागका अनुसार घनाबस्ती भएको क्षेत्रमा एक घण्टासम्म १० मिलिमिटर वर्षा हुँदा पनि बाढी र धनजन क्षतिको जोखिम बढी हुने गर्दछ ।

बितेको १० वर्षमा मात्रै नेपालमा बाढीका १ हजार ५ सय १२ घटना भएका छन् । जसमा ७ सय ४१ जनाको ज्यान गयो भने ४ सय ६३ जना बेपत्ता भएका थिए । बाढीबाट १० हजार ९ सय २५ घर क्षतिग्रस्त भएका छन् ।




अनुसन्धानकर्ताहरुका अनुसार नेपालमा बाढीको घटना ५० वर्षमा ६ गुणाले बढेको छ । पहिरो र भेलबाढी प्राय: उही ठाउँमा दोहोरिने गरेको अनुसन्धानबाट देखिएको प्राधिकरण बताउँछ । २०७९ सालको मनसुनजन्य विपद्बाट मकवानपुर सहित सुर्खेत, प्यूठान, खोटाङ, बाजुरा, दार्चुला, नवलपुर र अछाम जिल्ला बढी प्रभावित भएका थिए ।

मकवानपुरको राक्सिराङ, कैलाश, इन्द्रसरोबर, भीमफेदी, बकैया र बागमती गाउँपालिका पहिरोको जोखिममा छन् । जसमध्ये राक्सिराङ र कैलाश गाउँपालिका पहिरोको उच्चजोखिममा छन् । हेटौंडा, मनहरी, बागमती गाउँपालिका बाढीको उच्चजोखिमयुक्त क्षेत्र हुन भने थाहा नगरपालिका, बकैया, भीमफेदी, इन्द्रसरोबर, मकवानपुर गढी, राक्सिराङ तथा कैलाश गाउँपालिका बाढी र पहिरो दुवैको जोखिम क्षेत्रको रुपमा रहेको छन् । पूर्वी क्षेत्रस्थित बागमतीको बागमती नदीसहित चौरा खोला र दर्जन बढी चुरेबाट झर्ने खहरेखोलाको कारण यहाँ वर्षेनि सयौं हेक्टर जमिन कटान हुनुको साथै मानवीय क्षति हुने गरेको छ ।

पश्चिम मकवानपुरको मनहरी, राक्सिराङ तथा कैलाश गाउँपालिकामा रहेका मनहरी खोला, लोथर खोला तथा राप्ती खोलाले वर्षेनी ठुलो मात्रामा जमिन कटान गर्नुको साथै बस्तिमा खोला पस्ने समस्या रहेको छ । जिल्लाकै पहाडी क्षेत्रमा पहिरोको जोखिम छ । मकवानपुरगढीको आमभञ्याङ, सुकौरा, बुढीचौर क्षेत्रमा बाढी तथा पहिरोको उच्चजोखिम रहँदै आएको छ भने शिवम् सिमेन्टको खानीको अव्यवस्थित उत्खननको कारण यि क्षेत्रमा पहिरोको पनि उच्चजोखिम रहेको छ । राक्सिराङ गाउँपालिकामा पनि ऋद्धिसिद्धि सिमेन्टको खानी क्षेत्र सञ्चालन पछि गाउँ नै विस्थापित भइसकेको छ ।

हरेक वर्ष बाढी, पहिरो, डुबान चट्याङलगायत प्राकृतिक जोखिम वहन गरिरहेको मकवानपुरमा २०७८ सालमा स्थानीय तहले २ हजार १ सय ६५ भन्दा धेरै घर प्राकृतिक प्रकोपको अतिजोखिममा रहेका जनाएका थिए । जसमध्ये करिब १ हजार ३ सय घर तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्थामा रहेका थिए । तर, २०८० असारसम्म आइपुग्दा व्यवस्थित स्थानान्तरणको काम हुन सकेको छैन । दुर्गम राक्सिराङ गाउँपालिकाको महाभारत भीरमा हाल धाजा फाटिएको छ । वडा नम्वर-४ मा पर्ने भीर पनि चर्किंदै गएको गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले बताए । गाउँपालिकाको ९ वटै वडा विपद्को जोखिममा भए पनि ९ नम्वर वडा सबैभन्दा बढीजोखिममा रहेका अध्यक्ष मल्लले बताए ।

वडा नम्बर ९ को खैराङमा २०७२ सालको भूकम्पले जमिन पुरै चर्किएको भन्दै पुनर्निर्माण प्राधिकरणले सोही बेलामा बस्नको लागि उपयुक्त नरहेको बताएको थियो ।

बाँकी पृष्ठ-३...▸▸

## गोदामघर भाडामा चाहियो ?

मकवानपुर जिल्लामा पर्ने पुर्व-पशिचम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पशिचम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

सम्पर्क : ९८०२५३०३०३

Join IT Career in HCC

Admission Open
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)

Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)



यस **हेटौंडा सिटी कलेजमा B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को ११ औं समूहको (**2080 Batch**) लागि **प्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**

सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

**प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट**




यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिँदैछ ।

भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्कको लागि
०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८८२९२७७ (प्रिन्सिपल)

हेटौंडा स्कूल अफ म्यानेजमेन्ट-२०५२
HETAUDA SCHOOL OF MANAGEMENT-1995

Congratulations to all the students who have passed SEE! Your hard work and dedication have paid off.

YOU CAN NOW MOVE ON TO THE NEXT STAGE OF YOUR ACADEMIC JOURNEY WITH HSM



ADMISSIONS OPEN FOR

+2
• SCIENCE
• MANAGEMENT
• HOTEL MANAGEMENT
• BEAUTICIAN & HAIR DRESSER

For inquiry:
9855074222

ENROLL NOW

"कडा अनुशासन, स्तरीय शिक्षा"

Hetauda-4, Makawanpur | info@hsm.edu.np | www.hsm.edu.np

DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

साझाकुरा

## हाम्रो कुरा

# बजारको बहस

हेटौंडाको मुख्य सडकको केन्द्रबिन्दुबाट दायाँबायाँ २५ मिटर क्षेत्र खाली गरी सडक फराकिलो बनाउने डिभिजन सडकको सूचना पछि गर्माएको बजारको बहस साउन १६ मा के होला ? भन्ने बिषयमा केन्द्रित हुन थालेको छ । साँच्चै साउन १६ मा डोजर चल्छ त ? भन्ने जिज्ञासाले मोल तात्तिएको छ । सडक बिस्तार गर्ने कार्यमा दलहरुले लचकतापूर्ण निर्णय गरेपछि बहस अझै तीब्र हुन थालेको छ । सडक फराकिलो पनि बनाउने र घर तथा जगाको षतिपूर्ति पनि उपलब्ध गराउनु पर्ने निर्णय दलहरुले गरेका छन् । सर्बोच्च अदालतको फैसला, नेपाल सरकारको ऐनकानूनको परिधिभित्र रहेर घरधनीलाई उचित क्षतिपूर्ति दिलाउन पहल गर्ने र मुख्य सडक आसपासका ब्यवसायीको ब्यवस्थापन पनि गर्नु पर्ने दलहरुले निर्णय गरेका छन् । यो दलहरुको निर्णयको समाचार आएपछि बजार भत्कने निश्चित हो भन्ने अनुमान लगाउने नगरबासीको संख्या बढेको छ । सार्वजनिक सडक ऐन २०३१ बन्नुपूर्व हेटौंडा बजार क्षेत्रमा बनेका घरको मुआब्जा नदिएसम्म सडक बिस्तार गर्न नदिने मकवापुर उद्योग वाणिज्य संघले दाबी गर्दै आएको छ । संघअन्तरगतको हेटौंडा बसोबास संरक्षण समितिसहितको एकसूत्रीय माग पनि घर तथा जमीनको उचित क्षतिपूर्ति नै हो । मकवानपुरमा क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरुले आइतबार नेपाली कांग्रेस नगर समन्वय समितिको समन्वयमा सर्बदलीय छलफल आयोजना भएको थियो ।

पूर्वपश्चिम राजमार्ग बन्नुअघि नै २०११ सालदेखि बसोबास गर्दै आएको हेटौंडा नगरमा स्थानीय सरकार (नगरपालिका) ले एकीकृत सम्पत्ति कर, ब्यवसाय कर, बिज्ञापन कर लगायतका कर तथा राजश्व लिइरहेको अवस्था छ । आफूसँग जग्गाधनी प्रमाण पूर्जा, नगरपालिकाको भवन निर्माण इजाजतपत्र, ब्यवसाय दर्ता प्रमाणपत्रलगायतका सरकारी कागजात साथमै रहेको अवस्थामा पनि डिभिजन सडक कार्यालयले अतिक्रमण गरी निर्माण गरेको भनेर गतल प्रचार गर्दा आफूहरुलाई दुख लागेको ब्यवसायीहरुले बताएका छन् । राजमार्गको केन्द्रबिन्दुबाट २५ मिटर भित्रका घरजग्गाको लालपूर्जा व्यक्तिकै नाममा रहेको छ । राज्यलाई हालसम्म नियमानुसार मालपोत, बिभिन्न कर तिर्दै आएको, मालपोत कार्यालयबाट खरीदबिक्री हुँदै आएकोले निजी सम्पत्ति राज्यले लिनुपर्दा क्षतिपूर्ति वा मुआब्जा दिनुपर्ने हेटौडा बसोबास संरक्षण समितिको माग छ । ब्यवसायीको नेतृत्व गर्ने छाता संगठन मकवानपुर उद्योग वाणिज्य संघले सार्वजनिक बक्तब्यमार्फत् ब्यक्तिको निजी सम्पत्तीमा सरकारले कब्जा गर्ने शैलीमा अगाडि बढेको खण्डमा आन्दोलन गरिने बताउँदै आएको छ । एक हजार सात सय ७२ घरधनी प्रत्यक्ष प्रभाबित हुने, करिब एक सय ५० परिवार घरबारबिहिन (बिस्थापित) हुने, झण्डै चार हजार ब्यवसायी प्रभाबित हुने संघले बताएको छ । हेटौंडा बजार क्षेत्रका करिब तीन सय घरधनीले घर भत्काउने बिगतको सूचनाको बिरोधमा सर्बोच्च अदालतमा बिभिन्न मितिमा मुद्दा दायर गरेका थिए । त्यसमध्ये ४८ जनाको निबेदनको मात्र सर्बोच्च अदालतको फैसला आएको बताइएको छ । लामो समयदेखि अनिर्णयको शिकार भएको हेटौंडा बजार क्षेत्रका भवन भत्कने सम्भावना बढ्दै गएपछि ब्यवसायीको चिन्ता बढेको छ ।

हेटौंडा बजार क्षेत्रको सडक बिस्तारको बिषयले हेटौंडा पुन: तातिएको छ । केहीवर्ष अघिमात्र करोडौं रुपैयाँमा किनबेच भएका घर भत्कने भएपछि घरधनीको चिन्ता बढेको हो । गत असार १० गते डिभिजन सडक कार्यालयले ३५ दिने सूचना जारी गरेपछि सडक बिस्तारको विषयलाई पक्ष र विपक्षमा तीब्र बहस सुरु भएको छ । डिभिजन सडक कार्यालयले यो पटक आफूहरुको सूचनालाई वेवास्ता गरिए साउन १५ सम्ममा अतिक्रमित घर टहरा नहटाएको खण्डमा साउन १६ गतेबाट कानुनी तबरबाट हटाइने बताएको छ । राज्यले पीडितलाई मुआब्जा र कुनै क्षतिपूर्ति नदिई घर भत्काउन खोजे प्रतिकार हुने ब्यवसायीले चेतावनी दिइरहेका छन् । डकको दायाँबायाँ २५/२५ मिटर क्षेत्रमा बनेका घरटहरा भत्काउने डिभिजन सडकको सूचनाको बिषयमा मउवासंघले दैनिक छलफल गरिहेको छ । संघले मुआब्जा दिएर मात्र भत्काउन दिने वा हेटौंडा सहरलाई बाइपास गरी सडकको नक्सांकन नै परि बर्तन गर्न सरकारसमक्ष आग्रह गर्ने जस्ता विकल्पमा जान आग्रह गरिरहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार २७ गते बुधबार १२ जुलाई २०२३ । दशमी, श्रावण कृष्णपक्ष । दिल्लागा ११४३ ने.सं. । सूर्योदय ५:१७, सूर्यास्त ७:०० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यापारबाट लाभ मिल्नेछ | **तुला** | : समयले साथ दिनेछ |
| **वृष** | : स्वास्थ्योपचारमा खर्च हुनेछ | **वृश्चिक** | : रमाइलोमा दिन बित्नेछ |
| **मिथुन** | : मानसिक असन्तुष्टि बढ्नेछ | **धनु** | : जोश जागर आउनेछ |
| **कर्कट** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | **मकर** | : समयले साथ दिनेछ |
| **सिंह** | : काम अपुरै रहने देखिन्छ | **कुम्भ** | : राम्रो समाचार सुन्न पाइनेछ |
| **कन्या** | : मनमा निरासा उत्पन्न हुनेछ | **मीन** | : शुभ नतिजा आउनेछ |

# प्रदेशको रूपान्तरण कि खारेजी ?



✍ राजन भट्टराई

आज मुलुकमा एकातिर प्रदेशहरू असान्दर्भिक र औचित्यहीन छन् भन्ने मनोभाव प्रकट भएका छन् भने अर्कोतिर नेपालको पूर्वमा कोशी प्रदेश नामकरणमा पहिचान गुमेको भन्दै आन्दोलित छ । संवैधानिक व्यवस्था हेर्दा प्रदेशको व्यवस्था भिकिदिने हो भने राष्ट्रपति र राष्ट्रिय सभाको निर्वाचन बाहेक अन्यत्र प्रभाव त नपर्ला तर प्रदेश स्थापना गर्नुका पछि राजनैतिक मूल्य मात्र छैन । नेपालको सामाजिक भूबनोट, समावेशी शासन, लोकतन्त्रको सघनीकरण (डिपेन्डिङ डेमोक्रेसी) जस्ता अन्तरलय छिपेका छन् ।

साथै, शासकीय लाभलाई क्षेत्रीय, सामाजिक, सांस्कृतिक र आर्थिक हिसाबले न्यायोचित र समतामूलक बनाउन प्रदेशको खाका कोरिएको छ । यसैले अति केन्द्रीकृत नेपालको राजनैतिक, प्रशासनिक र वित्तीय प्रणालीलाई विकेन्द्रीकृत र सबैभन्दा तल्लो तहसम्म निक्षेपित गर्ने मूल्यमा आधारित भई प्रदेशको जन्म भएको थियो । तर व्यवहार र अभ्यासका कैयौं विरोधाभासले प्रदेश निर्माण र सञ्चालनमा नागरिकको तर्फबाट प्रतिप्रश्न उब्जिएका छन् । उल्टै बरु प्रदेशलाई राज्य संरचनाको ऐंजेरु ठानिएको छ । गलगाँड भैं अर्घेलो मानिएको छ ।

विश्वका ब्राजिल, दक्षिण अफ्रिका, अर्जेन्टिना जस्ता आकारका ठूला देश र स्विट्जर ल्याण्ड जस्तो आकारका सानो देश सबैमा प्रदेशको भूमिका र औचित्य सम्बन्धमा मौलिक व्यवस्थाहरू रहेका छन् । छिमेकी मुलुक भारतमा पनि प्रदेशले सबै अधिकार र राज्यशक्ति केन्द्रीकृत गरेको आरोप नलगाएको होइन । प्रदेश मातहतमा रहेका स्थानीय तहहरूको भूमिका संकुचित भई नागरिकको लोकतान्त्रिक अधिकार संकुचित भएको आवाज नउठेका होइनन् ।

भारतीय संविधानको अनुसूची ७, ११, र १२ तीन तहका सरकारबीचको खप्टिएको क्षेत्राधिकार, केन्द्र र राज्य दुवैले समवर्ती सूची अन्तर्गत कानुन बनाउने अधिकार, अवशिष्ट शक्तिहरूको कार्यान्वयनमा विवाद देखिएका थिए । सो विवाद निरूपणका लागि बलवन्त राई मेहता समितिले लोकतान्त्रिक विकेन्द्रीकरणलाई जराधार सम्म पुऱ्याउने गरी खप्टिएको क्षेत्राधिकार, समवर्ती सूची, अवशिष्ट शक्तिहरू, र ग्रास-रूट कार्यान्वयनमा स्पष्ट सुझाव दिएपछि सरकारले कार्यान्वयन गरेको थियो ।

अर्कोतिर संघीय सरकार, प्रदेश सरकार (हाल ३६) र स्थानीय सरकार (हाल ७७४) बहुतहको शासन अभ्यास लागू गरेको नाइजेरिया जस्तो अफ्रिकी मुलुकले पनि सन् १९७६ पश्चात् प्रदेश सरकारको भूमिकालाई बलियो बनाएको थियो । राष्ट्र निर्माणको साझा सूत्र प्रदेश भएको ठहर गरी सो तहमा नागरिकको पहुँच अभिवृद्धि गरेको थियो ।

त्यसैले नाइजेरियामा राज्यको नीति तर्जुमा, संचित कोष परिचालन, अनुदान हस्तान्तरण, स्थानीय सरकारको निर्वाचन सञ्चालनमा प्रदेशको भूमिकालाई निर्णयक बनाएको छ । अझ दक्षिण अफ्रिकामा स्थानीय सरकारहरूले बनाएको उप-कानुनहरू प्रदेश संसदबाट अनुमोदन गर्ने प्रचलन छ । यसले समग्र देशको राष्ट्रिय एकता सबलीकरण हुनुका साथै शासनमा नागरिकहरूको अपनत्व बढेको महसुस गराएको छ ।

आज प्रदेश सरकारलाई आफैंभित्र र बाह्य गरी दुई तहबाट रूपान्तरण गर्न जरूरी छ । पहिलो सुधारको प्रयास प्रदेश आफैंबाट गरिनुपर्छ । राजनीतिक अस्थिरताको प्रारम्भ प्रदेशबाटै सूत्रपात भएको छ । कोशी प्रदेश यसको उदाहरण हो । नेपालमा प्रदेशहरू आफैंमा राजनैतिक र विकासका विशिष्ट मोडल बन्न सकेनन् । केन्द्रीय नेतृत्वका वैकल्पिक वा प्रतिस्पर्धी पात्रका रूपमा प्रदेशका नेतृत्व हुर्कन सकेनन् ।

भारतमा गुजरातमा मुख्यमन्त्री रहँदै मोदी प्रधानमन्त्रीका रूपमा दाबेदार भएर उदाएका थिए । संविधानले त प्रदेशलाई विधि निर्माण र कार्यकारी सहित सरकार सञ्चालन र कार्यान्वयनका सबै प्राण (होल गभर्नमेन्ट) दिएको छ । विकास, नीति र सुशासनको वितरणमुखी अङ्ग (डिलभरी विङ्स) का रूपमा व्याख्या गरेको छ । तर कार्यसम्पादनमा यी प्रदेश सरकारको दख्खल देखिएको छैन । बरु नागरिकको आँखामा स्थानीय तहका नगरपालिका तथा गाउँपालिकाका नेतृत्व प्रदेशको नेतृत्वको तुलनामा अब्बल ठहरिएका छन् ।

प्रदेशको राजनीतिक नेतृत्वमा केन्द्रकै सिको गरी औचित्य विना मन्त्रालय थपघट गर्ने र कार्यकर्ताको व्यवस्थापनका लागि आयोग र निकायहरू गठन भएका छन् । अझै जिल्ला-जिल्लामा महिला तथा सामाजिक विकास कार्यालयहरू खोलेर स्थानीय तहकै क्षेत्राधिकार सँग दोहोरोपन भएको छ । यसले स्थानीय तहले गर्ने कार्यको पुनरावृत्ति मात्र होइन, प्रदेशको भूमिकामा अन्योल त ल्याएको छ नै ।

साथमा वित्तीय व्ययभार चुलिएको छ । कार्यालय र दरबन्दी विस्तारको औचित्य पुष्टि गर्ने आधार छैन । संघको अनुदानमा पर निर्भर सबै प्रदेशसँग खर्च र आम्दानीका बीचमा ठूलो खाडल छ । आज कर्णाली प्रदेशको मात्र वार्षिक १ अर्बको राजस्व छ । सबै प्रदेशको आन्तरिक आयले प्रदेशको चालु खर्चको एकचौथाइ हिस्सा मात्र धान्ने अवस्था छरु ।

प्रदेशको एकल क्षेत्राधिकारमा कृषि आय कर, सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र अन्य दस्तुर मात्र दायरामा सीमित छन् र यिनको राजस्वमा योगदान नगण्य छ रु । प्रदेश सञ्चितकोषमा जम्मा हुने रकममध्ये ९० प्रतिशत संघबाट प्राप्त हुने राजस्व र अनुदानको हिस्सा रहेको छ । अनुदान मागेर मात्र प्रदेश गतिशील र सबल हुँदैन । वित्तीय परनिर्भरता हटाउन स्रोतको परिचालनका क्षेत्र र दायरा खोजिनुपर्छ ।

प्रदेश राजनीतिक र वित्तीय रूपले मात्र आलोचित होइन कि सुशासनको हिसाबले आलोच्य छन् । महालेखा परीक्षकको ५६औं प्रतिवेदन हेर्दा प्रदेश सरकारहरूमध्ये कुल बेरुजुमा कर्णाली प्रदेशले ४.४३ प्रतिशत ओगटेको छ । बाँकी कोशी प्रदेशको ३.३० प्रतिशत. मधेशको २.६९, बागमतीको १.३७ प्रतिशत, लुम्बिनी प्रदेशको २.६२ प्रतिशत र सुदूरपश्चिमको २.५८ प्रतिशत, गण्डकी प्रदेशको १.२४ प्रतिशत बेरुजु देखिएको छ । यो तथ्यांक हेर्दा सुशासनका लागि प्रदेशहरूमा पनि सिंहदरबारकै रोग व्याप्त छ । पृथक् र विशिष्ट कार्यशैली देखिदैन ।

बाह्य रूपमा हेर्दा विकासका विषयहरूमा संघ भैं प्रदेश सरकार पनि प्राय: आफैं अलमलमा छन् । संविधानका एकल र साझा सूची अन्तर्गत वन, जग्गा, खानी जस्ता कार्यक्षेत्र र सीमाहरू द्विविधामा छन् । प्रहरी सेवालाई प्रदेशमा समायोजन गर्न संघ हिच्किचावट गरिरहेको छ भने शिक्षा ऐन निर्माणमा अलमल भइरहेको छ । गण्डकी प्रदेशले संविधानका एकल सूची अन्तर्गत ४० कानुन तर्जुमाका क्षेत्र पहिचान गरेको छ । यसका लागि संघले सहजीकरण गर्नुपर्छ ।

संघले निजामती सेवा ऐन नल्याउँदा कर्मचारी व्यवस्थापनभित्र पनि प्रदेश रुमलिएको छ । बागमती र गण्डकीले ऐन बनाएर कर्मचारी व्यवस्थापनका कार्यसम्पादन गरेका छन् । तर यी सबै अन्योलताबीच उधारो कारोबार भैं छन् ।

संविधानमा प्रदेशका २१ एकल अधिकारमध्ये अरूको क्षेत्राधिकारसँग नखप्टिएका नौ वटा मात्र सूची छन् । बाँकी १२ वटा कि केन्द्रको क्षेत्राधिकारभित्र या स्थानीय तहको अधिकार क्षेत्रमा दोहोरिएको अवस्था छ र यसमा केन्द्रले कानुन बनाई मार्गप्रशस्त गरेको छैन । त्यसैले केन्द्रको तदारुकता नै प्रदेशको उपलब्धि बनेको छ । संविधानत: अधिकार प्रदेशमा हस्तान्तरित भएका छैनन् । विकास परियोजनाहरू पनि केन्द्रले नै तोक्ने, बजेट पनि विनियोजन हुने सशर्तका फेहरिस्त लामो छन् । प्रादेशिक राजमार्ग, ऊर्जा, सिंचाइ, खानेपानी, प्रादेशिक सडकहरू हस्तान्तरण हुनसकेका छैनन्‌ु । केन्द्रले सशर्तका नाममा एकलाख बजेटदेखिका आयोजना तोकेर जथाभावी पठाउने प्रवृत्ति उस्तै छ । उल्टै चालु आर्थिक वर्ष २०७९/८० मा मात्रै करिब २२ अर्बका आयोजना प्रदेश र स्थानीय तहबाट पुन: संघमा तानिएका छन् ।

संघ, प्रदेश र स्थानीय तहको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने तथ्य संविधानले बोलेको छ । संविधान र कानुनमा अन्तरप्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद्, प्रदेश समन्वय परिषद्, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग जस्ता संयन्त्र छन् तर यिनीहरू एकअर्काका परिपूरक बन्न सकेका छैनन् ।

साथै अन्तरतह समन्वय सम्बन्धी संरचनाहरूको नियमित बैठक, यसका समिति र विशेष समिति क्रियाशील बन्न सकेका छैनन् । प्रधानमन्त्रीको अध्यक्षतामा पहिलो पटक पोखरामा राष्ट्रिय समन्वय परिषद् बैठकले ६ वटा एजेन्डा र मुख्यमन्त्री बैठकले १७ बुँदे निर्णय गरेको छ । समय-समयमा हुने यस्ता संयन्त्रको निर्णय कार्यान्वयन फलदायी हुने आशा गर्न सकिन्छ ।

यसैले प्रदेश खारेजी होइन, यी संरचनालाई रूपान्तरण गर्न जरूरी छ । यसका लागि पहिले संघ, प्रदेश र स्थानीय तहको संयुक्त प्रतिनिधित्व सहित संघीयता कार्यान्वयनको पुनरावलोकन गर्दै बाँकी कार्यसूचीको सूचक सहित कार्ययोजना निर्माण गर्नुपर्छ । अन्तरप्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद्, प्रदेश समन्वय परिषद्, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग जस्ता संयन्त्रहरूको नियमित अन्तरक्रियामा यस कार्ययोजनाका सूचकलाई समीक्षाको विषय बनाइनुपर्छ ।

संविधानका एकल र साझा सूचीका अस्पष्टता र दोहोरोपना हटाउन अलमल गर्ने समय नै छैन । नबनेका कानुन बनाउने वा संशोधनका विषयमा संघ इमानदार हुन जरूरी छ । संघ र प्रदेश खुद्रमुद्रे बजेट सहितका आयोजनामा रुमलिएको छ । यसका लागि तीनै तहबाट जाने अनुदानको शीर्षक, रकम र प्रकृति अध्ययन गरी दोहोरो अनुदान प्रणाली बन्द गर्ने प्रणाली विकास गरिनुपर्छ र तीन तहका सरकारबीच विकास आयोजनामा दोहोरोपन हटाई एकरूपता कायम गर्नमा राष्ट्रिय योजनाको भूमिका सबलीकरण गर्नुपर्छ ।

जनशक्ति व्यवस्थापन, सेवा प्रवाह, जग्गा प्राप्तिका क्षेत्रमा देखिएका समस्याहरू तीनै तहमा देखिएका छन् र यसमा संघले सुधारको पहलकदमी लिनुपर्दछ । प्रदेश र स्थानीय तहबीचको समन्वयलाई समेत प्रभावकारी बनाउन प्रदेश तहमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत छुट्टै इकाइ गठन गर्नुपर्ने देखिएको छ र सो इकाइमा संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजना विषय क्षेत्र र सुधारका क्रियाकलाप कार्यान्वयनको नियमित समीक्षा गर्ने पद्धति विकास गरिनुपर्छ । राष्ट्रिय सभाको संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको ९९ बुँदे सुझावहरूको कार्यान्वयनको अवस्थाबारे पनि समीक्षा प्रणाली लागू गरिनुपर्छ ।

तीनै तहका सरकारको कार्य जिम्मेवारी र अधिकार क्षेत्र पुन:परिभाषित गरी कार्यविभाजनमा स्पष्टता ल्याउन कार्यविस्तृतीकरण प्रतिवेदन पुनरावलोकन गरी सोही बमोजिमको संघीय कानुन तर्जुमा गर्नुपर्ने देखिएको छ । शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन प्राधिकरण ऐन २०७९) लाई तत्काल खारेज गरी प्रदेशको क्षेत्राधिकार संकुचन पार्ने संरचना खारेजी गर्नुपर्छ ।

प्रदेशहरूले आफूलाई सबलीकरण गर्न केही सरोकारका विषयहरू पहिचान गरेका छन् । प्रदेश सरकारले उपभोग गरिरहेका भवन र भवन परिसरको जग्गा नेपाल सरकारले प्रदेश सरकारको स्वामित्वमा दिन जरूरी छ । विकास निर्माण, औद्योगिक क्षेत्र र सेवा प्रवाहका लागि संरचना निर्माण गर्न आवश्यक पर्ने जग्गाको प्राप्ति कानुनमा संघले संशोधन गरी प्रदेशलाई सहजीकरण गर्नुपर्छ ।

नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदानका रूपमा उपलब्ध गराइएका आयोजनाहरूमा प्रदेश तथा स्थानीय तहबाट माग भएका आयोजनामा मात्र अनुदान उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था गरिनुपर्छ । संघले स्थानीय सरकार सञ्चालन ऐनमा आवश्यक संशोधन गरी नदीजन्य पदार्थको बिक्री-वितरणबाट प्राप्त हुने राजस्व विभाज्य कोषमा दाखिला हुने व्यवस्था मिलाइनुका साथै प्रदेशले नदीजन्य पदार्थको मापदण्ड निर्धारण गर्ने अधिकार दिनुपर्छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम नेपाल सरकारले सशर्त अनुदान उपलब्ध गराउँदा आयोजनाभित्रका खर्च शीर्षक वा उपशीर्षक नै नतोकी त्यस किसिमको स्वायत्तता सम्बन्धित प्रदेशलाई नै हुने गरी क्षेत्रगत आयोजना वा कार्यक्रम र लक्ष्य अपेक्षित उपलब्धि जस्ता विषयहरू मात्र तोकेर एकमुष्ट अनुदान हस्तान्तरण गर्नुपर्ने पद्धति लागू गरिनुपर्छ ।

संघीय बजेट मार्फत घोषणा गरिएको सशर्त अनुदान फिर्ता गर्ने प्रवृत्ति रोकिनुपर्ने र सशर्ततर्फको बजेट आवश्यक ठाउँमा लैजान र कमान्तर गर्ने अधिकार प्रदेशमा प्रदान गरिनुपर्ने देखिन्छ । संघले अन्तर सरकारी वित्त हस्तान्तरण ऐन २०७४ लाई संशोधन गरी नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय हस्तान्तरणको वार्षिक न्यूनतम परिमाण ऐनमा नै स्पष्ट गरिनुपर्ने देखिन्छ ।

प्रदेशको आय बढोत्तरीका लागि सवारी साधन कर प्रदेशको अधिकार क्षेत्र अन्तर्गत पर्ने विषय भएकोले सवारी साधनले ट्राफिक नियम उल्लंघन गर्दा प्रहरीले गर्ने जरिवाना बापतको रकम प्रदेश सञ्चित कोषमा जम्मा हुनुपर्ने देखिन्छ । तीनै तहको फजुल खर्च रोक्न केन्द्रदेखि स्थानीय तहसम्म सार्वजनिक खर्च व्यवस्थापनको नयाँ मापदण्ड र प्रणालीको तर्जुमा र कार्यान्वयनमा कडाइ हुनुपर्छ ।

संघ र स्थानीय तहको कडीका रूपमा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत खटन संघले नै गर्ने गरी सो पदलाई विशिष्टीकृत गरी सम्बन्धित स्थानीय सरकारप्रति पूर्णरूपमा जवाफदेही र उत्तरदायी बनाइनुपर्ने देखिन्छ ।

यसर्थ, नेपालमा संघ, प्रदेश र स्थानीय तीनै तहको बहुस्तरीय शासन मार्फत संघीय शासन प्रणाली लागू भइरहेको छ । संविधानले प्रदेशलाई संघको संभाग मानेको छ । अर्थात् प्रदेशको नाभि संघ र उपराज्य तहसँग जोडिएको छ । सैद्धान्तिक रूपमा संघ विनाको प्रदेश परिकल्पना गरिदैन । प्रदेशलाई कमजोर पार्दा अन्तत: संविधानको कार्यान्वयन त कमजोर हुन्छ भने संघीय संरचना अपाङ्ग बन्न पुग्दछ ।

प्रदेश बलियो हुँदा राष्ट्रिय एकता र पहिचान नै सबल भई भावनात्मक रूपमा नागरिक र राज्यको एकाकार हुन्छ । संघीय संरचनाको एउटा अङ्ग कमजोर भएपछि त्यसको असर अरू अङ्गमा स्वत: पर्छ नै । त्यसैले संघीय संरचनामा प्रदेश संघ र उपराज्य तहसँग अविच्छिन्न रहन्छन् । प्रदेश संरचनासँग नागरिकले म कहाँ जोडिएको छु भन्ने भाव महसुस नै गर्न पाएका छैनन्‌ु । केन्द्रकै राप र तापमा हुर्किरहेका प्रदेशहरू न आफ्नै टेकोमा उभिएका छन् न स्वायत्त भई क्षेत्राधिकार प्रयोगमा दक्खल राख्न सक्छन् ।

त्यसैले चाहे प्रदेश सरकार होस् या स्थानीय तह सबै नागरिकको अभिमतमा उभिन सक्ने हुनुपर्छ, प्रतिछायाँको शिकार बन्नुहुँदैन । नागरिकसँग नजोडिएको राज्यको संरचनाले वितृष्णा र निराशा शिवाय केही उपलब्धि दिँदैन, मात्र अनुत्पादक संरचनाको रूपमा विश्लेषण गरिन्छ ।

*(साभार: अनलाइनखबर)*

# आमूल सुधारको खोजीमा कांग्रेस

✍ अर्जुननरसिंह केसी

देशको राजनीतिक परिस्थिति अँध्यारो सुरुङभित्र हराएजस्तो अनिश्चित र अन्योलग्रस्त हुँदै गएको छ । लोकतन्त्रको सुन्दर विशेषताका रूपमा जनताका बीचका गतिविधि र राजनीति, सत्ता र शक्तिमा केन्द्रित भएकाले मूलधारका पार्टीहरूप्रति जनतामा निराशा बढ्दो छ ।

नेपालको इतिहासमा यो कालखण्ड सबभन्दा चुनौतीपूर्ण, अप्ठ्यारो र पेचिलो बन्दै गएको छ । व्यापक जनाधार भएको र गत संसदीय निर्वाचनले एकल ठूलो पार्टी बनाए पनि नेपाली कांग्रेस नेतृत्वकै कारण संगठनात्मक शक्तिमा कमजोर र परमुखापेक्षी बन्दै गएको छ ।

विधानत: दुई महिनामा कम्तीमा एक पटक हुनुपर्ने कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक पोहोर असार २७ मा भएयता एक वर्षसम्मको निष्क्रियतालाई चिर्दै यही असार २७ मा हुँदै छ । पोहोर भदौ ५ मा कांग्रेस नेता प्रदीप गिरिको निधनमा शोक प्रस्तावका लागि करिब पाँच मिनेट बैठक भएको बाहेक पूरै वर्ष हामी संस्थागत शून्यतामा रह्यौं । यो एक वर्षको अवधिमा मुलुकमा धेरै गम्भीर घटना र परिस्थिति उत्पन्न भए । गठबन्धनका आधारमा प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका निर्वाचन संसद्मा एकल ठूलो पार्टी कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकार विघटन र संसद्को तेस्रो ठूलो दल माओवादीका अध्यक्षको नेतृत्वमा सरकारको गठन सत्तारूढ गठबन्धनको साझा न्यूनतम कार्यक्रम घोषणाह पेचिलो अन्तर्राष्ट्रिय परिवेशह तनहुँ, चितवन र बारामा संसदीय उपनिर्वाचन प्रदेश सरकारहरू गठन र विघटनका खेल कांग्रेसका केन्द्रीय विभागहरूको गठनह राष्ट्रिय अस्तित्व र अर्थतन्त्रको दुरवस्था एवं गम्भीर असर पार्ने केही भ्रष्टाचार काण्डउपर कारबाही अगाडि आए । यति गम्भीर र महत्त्वपूर्ण घटना हुँदा पनि पार्टीको केन्द्रीय कार्यसमितिमा संस्थागत प्रक्रियाका साथ एजेन्डा बनाएर कहिल्यै छलफल भएन । यी समग्र गम्भीर विषयलाई एजेन्डा बनाएर समीक्षा र नीति तर्जुमाका लागि नेतृत्वको कहिल्यै ध्यान गएन ।

कांग्रेसका २८ केन्द्रीय विभाग, १३ भ्रातृसंस्था र १८ शुभेच्छुक संस्थाहरू संगठनात्मक पूर्णता पाएर पूर्ण गतिमा सञ्चालन हुन सकेनन् तदर्थवादमै पार्टी-सञ्चालित हुँदै आए । यथास्थितिमा कांग्रेसको गति अगाडि बढ्न सक्दैन । पार्टी संरचना र संगठनलाई लथालिंग र भताभुंग बनाएर सिद्धान्त, जनभावना, संस्थागत प्रक्रिया र लोकतन्त्रका आदर्शहरूलाई उपेक्षा गरी केवल सत्ताको खिचातानीमा केन्द्रित भएर जिम्मेवारी पूरा हुँदैन । पार्टीभित्र नीतिगत वा वैचारिक बहस यसरी विसर्जन भइरहेको छ, मानौं हाम्रो वैचारिक मृत्यु हुँदै छ । पार्टी, चुनावअघि टिकटघर र चुनावपछि सत्ताको म्युजिकल चेयरको क्रीडास्थल बन्दै गएको छ । भोक लागेको र खाना पकाउने ‘आवश्यकताको सिद्धान्त’ का नाममा इन्धन छैन भन्दैमा घरका दलिन र खाँबाहरू बालेर खाना पकाउने खालको नेतृत्वको चरित्र भयो भने घर लड्ने जोखिममा भोक टार्ने काम हुन्छ । हामी त्यतै उन्मुख छौं । जनताको विगत आकर्षणलाई आक्रोशमा बदल्ने आत्मघाती प्रवृत्ति बढ्दै गएको छ ।

पार्टीको चौधौं महाधिवेशन भएको डेढ वर्ष बितिसक्दा पनि १६७ सदस्यीय केन्द्रीय समितिलाई नै पूर्णता दिइएको छैन । सभापतिले मनोनीत गर्ने ३३ सदस्यमध्ये केन्द्रीय कोषाध्यक्ष सहित १० जनाको पद अझै खाली नै छ । छ महिनाभित्र पार्टीको नीति महाधिवेशन गर्ने भन्दै चौधौं महाधिवेशनमा एउटा पनि राजनीतिक (वा अन्य) प्रस्ताव पारित गरिएन, तर आजसम्म नीति महाधिवेशनको अत्तोपत्तो छैन । अब त यो निरर्थक नीति महाधिवेशनभन्दा विशेष महाधिवेशन अपरिहार्य भएको छ । पार्टीभित्र कसैको पनि ध्येय पार्टी सभापतिलाई कमजोर र अनिर्णायक बनाउने छैन । सबल, सक्षम र निर्णायक पार्टी सभापति नै कांग्रेसको गरिमा हो । तर सबल सभापतिको अर्थ सानो गिरोह र ओहोदाधारीले पार्टीको विधानलाई लत्याउँदै आफू सर्वशक्तिमान् हुने निहित स्वार्थमा केन्द्रीय समिति, भ्रातृ संस्था वा केन्द्रीय विभागहरूलाई भूमिकाविहीन, कमजोर, स्खलित, अनिर्णायक र अकर्मण्य बनाएर थन्क्याउने वा रबर स्टाम्प बनाउने छुट भन्ने हुँदैन ।

पार्टीको आधारभूत कर्तव्य र वैधानिक प्रक्रियालाई पन्छाउँदै सानो गिरोह र पार्टी विधानले नचिनेको पदाधिकारीका नाममा बैठक बोलाएर निर्णय लिने प्रवृत्ति बढ्दो छ । यसको अन्त्यका लागि निरन्तर प्रयास भइरहेको छ । हाल केही प्रभावशाली युवा साथीहरूले संरचनागत सुधार र रूपान्तरण अभियानको प्रारम्भ गरेका छन्, जसबाट जनता र कार्यकर्तामा व्याप्त निराशा मेटाएर केही आशाको सञ्चार भएको छ । यसलाई एजेन्डा, अचूक मार्गचित्र र निरन्तर अभियानका रूपमा पूर्ण गति दिनुपर्ने आवश्यकता छ । *(साभार: ई-कान्तिपुर)*

# जग्गा किर्तेका आरोपित थाहाका वडाध्यक्षसहित १० जना फरार

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/एक व्यक्तिले किर्ते कागजात बनाइ छोरा बनेर अर्काको जग्गा नामसारी गरी ठगी गरेको घटनामा संलग्न रहेको आरोप लागेका थाहाका एक वडाध्यक्षसहित १० जना फरार रहेका छन् ।

जग्गा किर्ते गरेको आरोपमा काठमाडौं जिल्ला अदालतबाट पक्राउ पूर्जी जारी भएपछि थाहा नगर पालिका वडा नम्बर १२ का वडाध्यक्ष टीकाराम स्याङ्तान, वडासचिव ओब्जङबहादुर रोकाया, कार्यालय सहयोगी चन्द्रकुमार मोक्तान, किर्तेका योजनाकार बमबहादुर गुरुङ, उनका छोरा राजु गुरुङ, १२ नम्बर वडाकै रामशरण गुरुङ, कृष्णबहादुर गुरुङ, सुकुमान स्याङ्तान, रामबहादुर स्याङ्तान र नरेश घलानको नाममा पक्राउ पूर्जी जारी भएपछि सबै फरार भएका हुन् । उनीहरुको खोजी भैरहेको पालुङ प्रहरीले जनाएको छ ।



स्याङ्जाकी उमादेवी गुरुङलाई आमा बनाएर सतराज गुरुङले जग्गा हडपेको पाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । सतराज गुरुङ पक्राउ परेपछि घटनाको भन्डाफोर भएको हो । गुरुङलाई आफ्नी आमा रहेको भनी नक्कली मुत्युदर्ता, नाता प्रमाणित प्रमाणपत्र लगायत झुट्टा कागजहरु तयार गरी विभिन्न व्यक्ति तथा निकायको मिलेमतोमा उमादेवी गुरुङको नाममा रहेको काठमाडौंको कीर्तिपुर नगर पालिका-३ मा रहेको जग्गा नामसारी गरेको फेला परेको कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक मनोज केसीले बताए ।

गुरुङले किर्ते कागजहरु पेश गरी आफ्नो नाममा नामसारी गरी संगठित लिखत किर्ते र ठगीसम्बन्धी कसुर गरेको भेटिएको बताएका छन् । गुरुङले उमादेवीको नक्कली मृत्युदर्ता र नाता प्रमाणित गरेर जग्गा नामसारी गराउन सफल भएका थिए । तर, उक्त जग्गा बिक्री गर्न भने भ्याएनन् ।

सोही आधारमा मकवानपुरको थाहा नगरपालिका १२ घर भई काठमाडौंको कपन बस्ने सतराज गुरुङलााई पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर टेकु, काठमाडौंमा राखी अनुसन्धान गरि रहेको छ । उक्त जग्गा बिकीका लागि बैना गर्न लाग्दा प्रहरीले फेला पारेको थियो ।

# मनहरीका २५ जना चेपाङ महिलालाई पोषणका लागि सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ मकवानपुरको मनहरी गाउँपालिकाले चालू आर्थिक वर्ष अन्तर्गतको बहुक्षेत्रीय पोषण कार्यक्रमअन्तर्गत पालिका भित्रका सुनौलो हजार दिनका चेपाङ महिलाको आयआर्जनको निमित्त अनुदान रकम हस्तान्तरण गरिएको छ । गाउँपालिकाको आयोजनामा र नारीमुक्ति बचत तथा सहकारी सस्था लिमिटेड मनहरी-३ को समन्वयमा भएको कार्यक्रममा मनहरी गाउँपालिका वडा नम्बर ३, ४ र ७ का सुनौलो हजार दिनका २५ जना चेपाङ महिलालाई जनही २५ हजारका दरले रकम वितरण गरेको हो ।

कार्यक्रमकी प्रमुख अतिथि तथा पालिका उपाध्यक्ष सीता पुलामीमगरले चेपाङ महिला दिदीबहिनीहरु जाग्ने बेला भएको भन्दै अन्य समुदायको महिला जसरी सशक्त भएर आउनुभएको छ त्यस्तै गरी चेपाङ महिला दिदीबहिनीहरु पनि अब घर बाहिरको परिवेशमा प्रतिस्पर्धामा आउनुपर्ने बताइन् । मगरले भनिन्-'म स्वयम् महिला हुँ आज यो समाजको अभिभावकत्व ग्रहण गर्दै यहाँहरुको अगाडि रहिर हँदा यहाँहरुले अब कम्तिमा पनि समाजमा के भइरहेकोछ भन्ने विषयमा जानकार रहन आवश्यक छ।'

मनहरी गाउँपालिका-३ नम्बर वडाको कार्यालयमा २४ असारमा भएको कार्यक्रममा सुनौलो हजार दिनका आमाहरुलाई थोरैमात्रामा भएपनि रकम अनुदानले सहयोग पुग्ने उपाध्यक्ष मगरको विश्वास छ । मनहरी गाउँपालिका-३ का अध्यक्ष अनन्तप्रकाश अर्यालको सभाध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका-७ का कार्यबाहक अध्यक्ष नवराज सुबेदीको आतिथ्यता रहेको थियो ।

# यातायात व्यवसायीद्वारा प्रजिअ सेढाईंको स्वागत

हेटौंडा, २५ असार/ मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईंलाई नारायणी यातायात व्यवसायी संघले सोमबार स्वागत गरेको छ । संघका कार्यवाहकअध्यक्ष अशोक पोखरेलको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा संघका महासचिव सरोजकुमार खनाल, पूर्वअध्यक्ष बद्रीप्रसाद चौलागाईले सवारी दुर्घटनामा घाइते हुने यात्रुको उपचार खर्चबापत ३ लाख रुपैयाँ र मृतकका परिबारका लागि राहत स्वरुप बीमा बापतको ५ लाख रुपैयाँ दिने नेपाल सरकारले २०६६ मा गरेको निर्णय समयसापेक्ष परिमार्जन गर्नुपर्ने, यातायात व्यवसायीको समस्यामा सरकारले सकारात्मक बन्न आग्रह गरेका छन् ।

केही दिन अघि मनहरीमा दुइवटा ट्रक एकआपसमा ठक्कर खाएपछि जलेका तीन जनाको पोष्टमार्टम हेटौंडा अस्पतालमा हुन नसकेर भरतपुर पठाउनु परेको भन्दै कावा अध्यक्ष पोखरेलले हेटौंडा अस्पतालमै यो सुबिधा बिस्तार गर्न सरकारले ध्यान दिनु पर्ने बताए । प्रजिअ सेढाईंले नारायणी यातायात ब्यवसायी संघले बहन गरेको सामाजिक उत्तर दायित्व प्रसंशनीय रहेको भन्दै दुर्घटनामा घाइते वा मृतक र यातायात ब्यवसायी दुबैपक्ष पीडित नै हुनुपर्ने भएकोले दुर्घटना न्यूनीकरणका लागि सहकार्य गर्न प्रशासन तयार रहेको बताए । कार्यक्रममा संघका सल्लाहकार भानुभक्त आचार्य, प्रेस सल्लाहकार देवराज पन्त, संघका पदाधिकारीहरु, कर्मचारीहरु तया यातायात ब्यवसायीहरुको सहभागिता रहेको थियो ।

# मकवानपुर पहिरोको...

गाउँपालिकाले जोखिमयुक्त बस्ती स्थानान्तरणको लागि पहल गर्दा पनि सम्बन्धित निकायले ध्यान नदिएको मल्लको गुनासो छ । बकैया गाउँपालिकाको-६ वटा वडामा पहिरो जोखिम छ । फास्ट ट्र्याकको बाटो निर्माण भइरहेको गाउँपालिकामा बाटो निर्माण गर्दा सावधानी नअपनाएकाले ८० घर जोखिममा रहेको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाकोअनुसार ठूलो संख्यामा स्थानीयको ज्यान नै जोखिममा हुँदा पनि सम्बन्धित निकाय मौन छ ।

२०७२ सालको भूकम्प पछि मकवानपुरमा बाढी तथा पहिरोका घटना बढी हुन थालेका छन् । भूभाग कमजोर हुँदा बाढी पहिरोका घटना बढी हुन गएको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ । जिल्लाका अधिकांश भाग विपद्को जोखिममा रहेको जानकारी भएपनि विपद्बाट बच्ने तथा उद्दारका लागि पूर्वतयारी भने पर्याप्त नहुनुका साथै कमजोर छ । भारी वर्षा तथा भूकम्पका कारण पुराना र निष्क्रिय भएका पहिरो पुन: सक्रिय हुन सक्छन्, नयाँ पहिरोसमेत जान सक्छ । नेपालमा २०७२ को भूकम्पका कारण १४ जिल्लामा पहिरोका घटना बढेको पाइएको छ ।

यसैगरी, २०८० सालको मनसुन सुरु भएको एक महिनामै विपद्का घटनाबाट ३४ जनाले ज्यान गुमाएका छन् । ५४ घर पूर्ण र २० घर आंशिक रुपमा क्षतिग्रस्त भएका छन्, सयौं पशु मरेका छन् । विभिन्न राजमार्गका ९ वटा पुलसहित ६६ स्थानमा सडक क्षति हुँदा ४० करोडको नोक्सान भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । बाढीले ताप्लेजुङ र पाँचथरमा ११/११ गरेर २२ वटा झोलुंगे पुल बगाउँदा १२ करोड १० लाख ८८ हजार क्षति भएको गृह मन्त्रालयको तथ्यांक छ ।

बाढीपहिरोका कारण निर्माणाधीन ठूला जलविद्युत् आयोजनामध्ये ३ सय २६ दशमलव ८६ मेगावाट क्षमताका १७ वटा आयोजनामा २ अर्ब ६२ करोड र सञ्चालनमा रहेका १ सय ३२ दशमलव ७४ मेगावाट क्षमताका १३ वटा आयोजनामा ५ अर्ब ९२ करोड बराबरको क्षति भएको प्राधिकरणका कार्यकारी निर्देशक अनिल पोखरेलले जनाएका छन् । यस्तै, ३१ वटा लघु जलविद्युत् आयोजनामा ४४ करोड ९० लाख रुपैयाँ बराबरको क्षति भएको छ । खेतीयोग्य जमिन र बालीनालीमा भएको क्षतिको विवरण सरकारले निकालेको छैन ।

प्राधिकरणले भने २०७९ सालको मनसुनजन्य प्रकोप उद्धारबारे समीक्षा गर्दै विपद् व्यवस्थापन र तयारीलाई राज्यले अझै विशेष महत्व दिन नसकेको निष्कर्ष निकालेको छ । समीक्षा प्रतिवेदनमा उपकरण र साधनस्रोतले सुसज्जित बनाउन अत्यावश्यक पहल अझै भइनसकेको उल्लेख छ । यस्तै, विपद् प्रतिकार्य योजनामा क्षमता विकास गर्न राज्यले थप लगानी गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । कर्मचारीको सरुवा हुँदा विपद् व्यवस्थापनसम्बन्धी भएका कार्य बुझबुझारथ गर्ने परि पाटी नरहेकाले समस्या भएको पनि प्रतिवेदनमा उल्लेख छ ।

# किशोरी आत्मरक्षात्मक ६ दिने तालिम सकियो



साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ रोटरी माध्यमिक विद्यालयका छात्रालाई आत्मरक्षात्मक तालिमको आइतबार समापन गरेको हो । असार १८ देखि २३ गतेसम्म सन्चालित ६ दिने तालिममा विद्यालयका कक्षा ८,९ र १० का २१ जना किशोरीको सहभागिता रहेको थियो ।

बागमती प्रदेश शिक्षा विकास निर्देशनालय हेटौंडाको आयोजनामा किशोरीको आत्मरक्षात्मक तालिम मनहरी गाउँपालिका भित्रका २ वटा विद्यालय भोजसिद्ध माध्यामिक विद्यालय र रोटरी माविमा सन्चालन भएको थियो । आर्थिक बर्ष २०७९/०८० को कार्यक्रम कार्यावनयनको क्रममा बागमती प्रदेशका १३ जिल्लाको छनोटमा परेका २२ वटा विद्यालयमा किशोरी आत्मरक्षात्मक तालिम संचालन गरिएको हो ।

सैद्धान्तिक र शारीरिक प्रशिक्षण गरी दुई सेसन गरी दैनिक २ घण्टा सन्चालित तालिमको सैद्धान्तिक पक्षतर्फ ब्यबहारिक ज्ञान तथा सामाजिक मूल्य र मान्यता जस्ता विषयमा रहेर विद्यालयका सहायक प्रधानाध्यापक एबम सामाजिक विषय शिक्षक साधुराम रिजालले प्रशिक्षण दिएका थिए भने किशोरीलाई आत्मरक्षातर्फ कसरी भैपरिआउने समयमा आफ्नो ज्यान जोगाउने अर्थात सुरक्षित रहने भन्ने विषयमा शारीरिक प्रशिक्षक ब्ल्याकबेल्ट सितल लामाले प्रशिक्षण दिएकी थिइन् । विद्यालय ब्यवस्थापन समिति अध्यक्ष शालिकराम बानियाँको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा ७ नम्बर वडा कार्यबाहक वडाअध्यक्ष नवराज सुबेदीको प्रमुख आतिथ्यता रहेको थियो । त्यस्तै गरी विद्यालयका प्रधानाध्यापक गोबिन्द प्रसाद पौडेल, राष्ट्रिय माध्यमिक विद्यालय सुनाचुरीका प्रधानाध्यापक सूर्यबहादुर मोक्तान लगायत विद्यालयका अन्य शिक्षकको आतिथ्यता रहेको थियो । तालिमको लागि आवश्यक पर्ने सामग्री, ड्रेस, स्टेशनरी, खाजालगायत सामानको ब्यबस्थापन प्रदेश शिक्षा विकास निर्देशनालयले ब्यबस्थापन गरेको थियो ।

# माल्दिभ्समा हनिमुन मनाउँदै हेटौंडेली नीताको जोडी

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ हेटौंडाकी चर्चित अभिनेत्री नीता ढुंगाना र कलाकार तथा ज्योतिषी हरिहर अधिकारीको जोडी माल्दिभ्समा हनिमुन मनाउँदैछन् ।

विवाहको एक वर्षपछि उनीहरु एसियाली मुलुक माल्दिभ्स पुगेका हुन् । यी दुई जोडीलाई फिल्म वृत्तमा 'हनी' जोडी नामले पनि चिनिन्छ । विवाहपछि दुईको सहकार्यमा फिल्म 'ह्रस्वदीर्घ'को पहिलो चरणको छायांकन भारतका विभिन्न ठाउँमा सम्पन्न भएको थियो । फिल्मको धपेडीले गर्दा यो जोडीले हनिमुन पनि मनाउन पाएको थिएन । यतिबेला भने यो जोडीले माल्दिभ्समा हनिमुन सेलिब्रेसन गरि रहेको हो ।

नीता र हरिहरले नीलो पानीले घेरिएको माल्दिभ्सको रिसोर्टबाट आकर्षक र रोमान्टिक तस्वीर सेयर गरेका छन् । इन्स्टाग्राममा तस्वीर पोस्ट गर्दै नीता लेख्छिन्, 'फूललाई नसुहाउने पात काटनुपर्छ । दिललाई कुल्ची हिँड्ने लात काटनुपर्छ ।', यो स्टाटसको सन्दर्भ एकातिर होला तर, तस्वीर हेर्दा लाग्छ उनीहरुको होलिडे र हनिमुन रमाइलो ढंगले बितिरहेको छ । म्यारिज एनिभर्सरीको छेकोमा नीता र हरिहर बिदा मनाउन माल्दिभ्स पुगेका हुन् ।


## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।



## शिक्षक आवश्यकता

*सूचना प्रकाशित मिति : २०८०।०३।२६*

उपरोक्त सम्बन्धमा यस विद्यालयमा प्राथमिक तहको राहत अनुदान कोटा शिक्षक संख्या १ रिक्त रहेकोले सो कोटामा शिक्षक पदपूर्ति गर्न भीमफेदी गा.पा.को च.नं. २४६६ को मिति २०८०।०३।१३ को सिफारिस र शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरको च.नं. १६५७ को मिति २०८०।०३।१८ अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८०।०३।२४ गतेको निर्णय अनुसार तपशिल बमोजिमको शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले निम्न योग्यता भएका इच्छुक उम्मेदवारहरुबाट दरखास्त आव्हान गर्नको लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।

**तपशिल:**

| | |
|---|---|
| विज्ञापन नं. | : ०१-२०७९/०८० |
| तह | : प्राथमिक तह (राहत अनुदान कोटा) |
| पद संख्या | : १ (एक) |
| उमेर | : १८ वर्ष पूरा भई ४० ननाघेको । |
| शैक्षिक योग्यता | : प्रविणता प्रमाणपत्र तह वा सो सरह |
| तलब स्केल | : नेपाल सरकारको नियम अनुसार |
| दरखास्त दस्तुर | : १००० । (एक हजार मात्र) |
| परीक्षाको किसिम | : लिखित, मौखिक, अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक |
| दरखास्त दिने अन्तिम मिति | : २०८०/०४/०९ गते बेलुका ४:०० बजेसम्म |
| सम्पर्क मिति | : २०८०/०४/१० गते बेलुका ४:०० बजेसम्म |
| परीक्षा हुने मिति | : सम्पर्क मितिमा तोकिने छ । |

दरखास्त दिने स्थान : श्री जनता आधारभूत विद्यालय, बाघचौर, भीमफेदी-१
सम्पर्क नं. : ९८६०१९१६०१(प्र.अ), ९८५४६७०३२२ (वि.व्य.स. अध्यक्ष), ९८४५२९६९३६ (सहायक प्र.अ.)

**आवश्यक कागजातहरु :**
क) नेपाली नागरिकताको प्रतिलिपि २ थान
ख) शैक्षिक योग्यता प्रमाणपत्रहरुको प्रतिलिपि २ थान
ग) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि २ थान
घ) हस्तलिखित निवेदन १ थान

***नोट:*** प्राथमिक तहमा शिक्षक सेवा आयोगको मकवानपुर जिल्लाको करार सूचीमा सिफारिस भएका उम्मेदवारले ७ दिनभित्र विद्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ । (करार सूचीको दरखास्त पर्न आएमा अन्य उम्मेदवारको दरखास्त फिर्ता हुनेछ ।)

**श्री जनता आधारभूत विद्यालय**
भीमफेदी-१, बाघचौर, मकवानपुर



साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
**साझाकुरा** राष्ट्रिय दैनिक
वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com





## सूचना ! सूचना !! सूचना !!!

हेटौंडाको चिरपरिचित फार्मेसी **देउराली फर्मा** यहि २०८० असार २३ गते शनिबारबाट हेटौंडा-३ बसामाडीमा सञ्चालन गरिएको सम्पूर्ण ग्राहक बन्धुलाई सहर्ष जानकारी गराउदछौं । ग्राहकलाई पर्न गएको असुविधा प्रति क्षमाप्रार्थी छौं ।

प्रो. हिरालाल श्रेष्ठ
**देउराली फर्मा**
हेटौंडा उ.म.न.पा.-३ बसमाडी
सम्पर्क : ०५७-५२५८६३, ९८६५०१२५८८



***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*


# हेटौंडा-भरतपुर २२० केभी प्रसारण लाइन संचालनमा

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ मकवानपुर, चितवनलगायतका जिल्लामा सहज बिजुली आपूर्तिका लागि महत्वपूर्ण मानिएको हेटौंडा-भरतपुर २२० केभी प्रसारण लाइन सञ्चालनमा आएको छ । हेटौंडा-भरतपुर-बर्दघाट प्रसारण लाइन आयोजनाअन्तर्गत हेटौंडा-भरतपुर खण्डलाई सञ्चालनमा ल्याइएको छ ।

नेपाल विद्युत् प्राधिकरणले डबल सर्किट २२० केभी प्रसारण लाइनको ७३ किलोमिटर लामो सर्किटलाई तत्कालका लागि १३२ केभीमा चार्ज गरी सञ्चालनमा ल्याएको हो । मकवानपुरको हेटौंडा उपमहानगरपालिका चौकीटोलस्थित पुरानो हेटौंडा सबस्टेसनबाट चितवनको भरतपुर महानगरपालिका आँपटारीस्थित नयाँ भरतपुर सब स्टेसनसम्मको २२० केभी प्रसारण लाइनलाई १३२ केभीमा चार्ज गरिएको छ ।

हेटौंडा-भरतपुर खण्ड प्रसारणलाइन सञ्चालनमा आएपछि हेटौंडाबाट भरतपुरतर्फ र भरतपुरबाट हेटौंडातर्फ करिब १७० मेगावाट विद्युत् प्रवाह गराउन सकिन्छ । अहिले रहेको पुरानो १३२ केभी प्रसारण लाइनबाट करिब ९० मेगावाट मात्र विद्युत् प्रवाह हुँदै आएको थियो । हेटौंडा-भरतपुर खण्ड सञ्चालनमा आएसँगै त्यस क्षेत्रमा थप विद्युत् प्रवाहका लागि सहज हुनेछ ।



नेपालभित्रको प्रसारण लाइन सुदृढ तथा विश्वसनीय बनाउन र पश्चिम क्षेत्रमा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका लागि हेटौंडा-भरतपुर-बर्दघाट प्रसारण लाइन आयोजना सुरु गरिएको हो । नेपाल सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलितपूर्ण कर्जामा आयोजना सन् २००८ मा सुरु गरिएको थियो । आयोजनालाई हेटौंडा-भरतपुर र भरतपुर-बर्दघाट दुई खण्डमा विभाजन गरी निर्माण सुरु गरिएको हो ।

प्रसारण लाइन निर्माणमा स्थानीयको अवरोध, जग्गा प्राप्तिमा समस्या, वन क्षेत्रको जग्गा प्रयोग तथा रुख कटानमा भएको ढिलाइ, ठेकेदार कम्पनीको कमजोर कार्यसम्पादनलगायत कारणले आयोजनाको निर्माण प्रभावित भएको थियो । विश्व बैंकले आयोजनाबाट २०७८ को कात्तिकबाट हात झिकेपछि सरकार र प्राधिकरणको लगानीमा बाँकी काम अगाडि बढाइएको थियो ।

हेटौंडा-भरतपुर खण्ड अन्तर्गत हेटौंडा उपमहानगर पालिका-११ थाना भन्याङस्थित निर्माणाधीन सबस्टेसनमा लाइन लैजानका लागि २२० केभी चार सर्किट (मल्टी सर्किट)का दुईवटा टावर निर्माण भइरहेको छ । उक्त काम आगामी भदौभित्रमा सम्पन्न हुने आयोजना प्रमुख सन्तोष साहले बताए ।

हेटौंडा-भरतपुर खण्ड निर्माणका लागि भारतीय कम्पनी आईकम टेलबीच २०६५ फागुनमा ठेक्का सम्झौता भएको थियो । तर, काम नगरी रणनीतिक महत्वको प्रसारण लाइनको काम अलपत्र पारेपछि प्राधिकरणले ठेक्का तोडी कम्पनीले कार्यसम्पादन जमानत वापत राखेको ३० लाख ५७ लाख अमेरिकी डलर पनि जफत गरेको थियो । यसैगरी प्राधिकरणले काम ढिला गरेबापत करिब १६ लाख डलर विलम्ब जरिवाना पनि लगाउने निर्णय गरेको थियो । त्यसपछि नयाँ बोलपत्र आह्वान गरी २०७७ जेठमा नयाँ ठेक्का सम्झौता गरिएको थियो ।

# मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालय बनाउन समिति

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ बागमती प्रदेशको प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको नेतृत्वमा प्रदेशको राजधानी हेटौंडामा रहेको सामुदायिक क्याम्पस मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालयको रुपमा अघि बढाउनको लागि पाँच सदस्यीय समिति निर्माण भएको छ ।

क्याम्पसका पूर्वअध्यक्ष समेत रहेको पौडेलेको समितिमा क्याम्पसका पूर्वअध्यक्ष माइकल रामचन्द्र अर्याल, प्रल्हाद लामिछाने, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान रहेको समिति निर्माण भएको हो । समितिको सदस्य सचिवमा क्याम्पसका साहायक क्याम्पसप्रमुख डा. यम सिलवाल रहेका छन् । हेटौंडामा भएको क्याम्पस सञ्चालक समिति तथा सरोकारवालाको बैठकले हेटौंडामा विश्वविद्यालयको आवश्यक्ता रहेको र प्रदेश सरकारले पनि प्रदेश विश्वविद्यालयको अवधारणालाई प्राथमिकताको साथ अघि बढाएको भन्दै मकवानपुर बहुमुखी क्याम्पसलाई नै विश्व विद्यालयको रुपमा अघि बढाउने गरी काम गर्न समिति निर्माण गरिएको क्याम्पसप्रमुख डा. शंकर प्रसाद उपाध्यले बताए ।

लामो समयबाट क्याम्पसलाई विश्वविद्यालयको रुपमा स्थापित गर्ने प्रयास भएको सन्दर्भमा मकवानपुर बबहुमुखी क्याम्पसलाई प्रदेश विश्वविद्यालय या सार्वजनिक विश्व विद्यालय बनाउने कामलाई अघि बढाउन समिति नै निर्माण गरिएको प्रक्रिया थालनी गरिएको क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष अनन्त पौडेलले बताए । देशकै धेरै विद्यार्थी अध्ययन गर्ने क्याम्पसको रुपमा र हेको मकवानपुर बहुमुखी क्याम्पसमा दश जोड दुईदेखि विभिन्न संकायमा स्नाकोत्तरसम्मको अध्यापन हुँदै आएको छ ।

मकवानपुर बहुमुखी क्याम्पसमा मकवानपुर सहित बागमती प्रदेशको सिन्धुली चितवन र मधेश प्रदेशको बारा, पर्सा, रौतहट तथा सर्लाही, नवलपरासीसम्मका विद्यार्थी अध्ययन गर्दै आएका छन् । मकवानपुरलाई शैक्षिक नगरी बनाउने उदेश्यले क्याम्पसले विभिन्न जिल्लामा आफ्ना शैक्षिक कार्यक्रमबारे कार्यशाला गर्दै आएको क्याम्पसले जनाएको छ ।




हार्दिक समवेदना



जन्म: १९९२ चैत २९

स्वर्गारोहण: २०८० असार १४

स्व.पूर्ण बहादुर टण्डन

हाम्रा प्रिय साथी श्री सिताराम टण्डन ज्यूको पुज्यनीय पिता स्व. **पूर्ण बहादुर टण्डनको** ८७ वर्षको उमेरमा असामायिक स्वर्गारोहण भएकोमा हामी अत्यन्त दु:खी भएका छौं । आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना साथै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं ।

**२०३९ साल एस.एल.सी., आ.रा.मा.वि. विद्यार्थी समूह**

*Education is the real treasure*

CONGRATULATIONS

SEE Batch 2079

"Wish you all the best for your future endeavors."



HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना